# कोशी पहाडी जिल्लाहरूमा बहुसरोकारवाला वन कार्यक्रमः *जीविकोपार्जन सुधारका लागि वन समूहहरूद्वारा गरिएका प्रयासहरूको समीक्षा*

✍ हरिशचन्द्र राई[१], रामशरण विश्वकर्मा[२]

## १. परिचय

सन् १९८० को दशकमा वन संरक्षणको भरपर्दो उपायका रूपमा सुरु भएको सामुदायिक वन समूहहरूको सङ्ख्या नेपालमा अहिले १८ हजारभन्दा बढी (उपलब्ध तथ्याङ्क अनुसार १८,१३३) भइसकेको छ । त्यसैगरी ६,९३४ कबुलियती वन तथा २१ साझेदारी वनहरू गठन भई हस्तान्तरण भइसकेका छन् । यी सबै स्थानीय समुदायद्वारा व्यवस्थित वनहरू हुन् । यी वन समूहहरूबाट करिब २९ लाख जनताले प्रत्यक्ष रूपमा लाभ पाइरहेका छन् (नेपाल सरकार २०७०/७१) । उक्त तथ्याङ्कले समुदायमा आधारित वन व्यवस्थापन ग्रामीण जीविकोपार्जनको एक महत्त्वपुर्ण आधार भएको कुरा सङ्केत गरेको छ ।

नेपालमा गरिबीको रेखामुनि रहेका २५% जनसङ्ख्या मध्ये ७० % जनसङ्ख्या वन स्रोतमा निर्भर रहेका छन् (नेपाल सरकार, २०११) । वन क्षेत्रमा उपलब्ध स्रोतबाटै नेपालमा जनसङ्ख्याको ठूलो हिस्साले आफ्ना दैनिक आवश्यकताहरू परिपूर्ति गर्दै आएका छन् । जस्तै काठ, दाउरा, घास, डाले घास, पत्कर जस्ता विभिन्न प्रकारका वन पैदावारहरूबाट दैनिक आवश्यकताहरूको परिपूर्ति हुँदै आइरहेको छ । नेपालमा घरपरिवारको इन्धनको लगभग ७० % र पशुआहारको ४०% आपूर्ति वन स्रोतबाटै हुने गरेको छ (नेपाल सरकार २०७०/७१) । यी विभिन्न प्रकारका समुदायमा आधारित वनहरूमध्ये पनि सामुदायिक वनहरूमा आश्रित घरपरिवारको सङ्ख्या तुलनात्मक रूपमा निकै ठूलो छ । एकातिर समुदायमा आधारित वन व्यवस्थापनहरूबाट प्रत्यक्ष रूपमा रोजगारीको अवसरहरू पनि सिर्जना भइरहेको छ भने अर्कोतिर यी वन क्षेत्रमा संरक्षण भएका वनहरूले स्वच्छ हावा, खानेपानी, सिंचाइको सुविधा, पर्यापर्यटन जस्ता वातावरणीय सेवाहरू समेत प्रदान गरिरहेका छन् । वन विकास मार्गदर्शन, २०६५ मा उल्लेख भएको प्रावधान अनुरूप सामुदायिक वन समूहहरूले आफ्नो आम्दानीको ३५% रकम समुदायका गरिब, दलित तथा पिछडिएका उपभोक्ताहरूको आयआर्जन सुधार गर्ने कार्यमा परिचालन गरी उनीहरूको जीविकोपार्जन सुधारको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् (नेपाल सरकार २०६५) ।

## २. कोशी पहाडी जिल्लाहरूमा बहुसरोकारवाला वन कार्यक्रम

### २.१ बहुसरोकारवाला वन कार्यक्रमको छोटो परिचय

बहुसरोकारवाला वन कार्यक्रम विगतका दशकहरूमा विभिन्न दातृ निकाय तथा संस्थाहरूको सहयोगमा नेपाल सरकारद्वारा सञ्चालित वन संरक्षण, संवर्धन र व्यवस्थापनका विभिन्न सिकाइहरूलाई आत्मसात् गरी कार्यान्वयन गर्ने उद्देश्यकासाथ सुरु गरिएको एक वन परियोजना हो । बहुसरोकारवाला वन कार्यक्रम सञ्चालनका लागि संयुक्त अधिराज्य सरकार

१ लेखक बहुसरोकारवाला वन कार्यक्रम, कार्यक्रम सहयोग इकाइ, क्षेत्रीय संयोजन कार्यालय, धनकुटामा क्षेत्रीय कार्यक्रम संयोजकका रुपमा कार्यरत छन् ।

२ लेखक बहुसरोकारवाला वन कार्यक्रम, कार्यक्रम सहयोग इकाइ, क्षेत्रीय संयोजन कार्यालय, धनकुटामा कार्यक्रम अधिकृतका रुपमा कार्यरत छन् ।

अन्तर्गतको अन्तर्राष्ट्रिय सहयोग विभाग (DFID), स्विट्जरल्यान्ड सरकार अन्तर्गत स्विस विकास नियोग (SDC) र फिनल्यान्ड सरकारको आर्थिक सहयोग रहेको छ । नेपालका गरिब र पछाडि परेका/पारिएका समुदाय तथा व्यक्तिहरूको जीविकोपार्जनमा सुधार ल्याउनु तथा जलवायु परिवर्तनको प्रभाव तथा प्रकोप वहन गर्ने क्षमता वृद्धि गर्नु यस कार्यक्रमको प्रमुख लक्ष्य रहेको छ ।

बहुसरोकारवाला पद्धतिलाई अङ्गीकार गर्दै समावेशी आर्थिक विकास, गरिबी न्यूनीकरण र जलवायु परिवर्तनको सामना गर्ने कार्यमा वन क्षेत्रको योगदान बढाउन सहयोग गर्नु यस कार्यक्रमको बृहत् उद्देश्यहरू रहेको छ । संरक्षणमुखी वन व्यवस्थापनलाई क्रमशः उत्पादनमुखी व्यवस्थापनमा परिणत गर्न यस कार्यक्रमले कुनै निश्चित वन प्रणालीमा मात्र नभई नेपालमा विद्यमान सबै किसिमका वन क्षेत्रहरूमा आफ्ना गतिविधिहरू सञ्चालन गरिरहेको छ । यस कार्यक्रमले करिब तीन वर्षे कार्यक्रमको अवधिमा (सन् २०१३ देखि २०१६ सम्म) वनमा आधारित तथा वनसँग सम्बन्धित उद्यमशीलता प्रवर्द्धनमा निजी क्षेत्रको लगानी आकर्षित गरी ८०,००० गरिब तथा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वा पारिएका व्यक्तिहरूका निमित्त रोजगारी सिर्जना गर्ने अपेक्षा लिएको छ । यस कार्यक्रमको प्रमुख अपेक्षित नतिजा भनेको दिगो वन व्यवस्थापन कार्यमा सम्पूर्ण सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता बढाउँदै घरायसी आयआर्जन र कूल ग्राहस्थ उत्पादनमा उल्लेखनीय वृद्धि गरी १७ लाख स्थानीय लक्षित घरधुरीहरूको जीवनस्तर उकास्ने काममा योगदान पुऱ्याउनु रहेको छ । समग्रमा, वन व्यवस्थापन कार्यमा स्थानीय समुदायलाई प्रत्यक्ष सहभागी गराई ग्रामीण समुदाय, विशेषगरी गरिब, पछाडि परेका तथा जलवायु परिवर्तनको जोखिममा रहेका घरधुरीहरूको आय आर्जन वृद्धि गर्नु एक प्रमुख उद्देश्य रहेको छ ।

नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयको नेतृत्वमा सञ्चालित यस कार्यक्रमको कार्यान्वयनमा वन विभाग मातहतका जिल्ला वन कार्यालयहरूका साथै नागरिक समाज, गैरसरकारी संस्था, समुदाय र निजी क्षेत्रको पनि प्रत्यक्ष सहभागितालाई यस कार्यक्रमले प्रोत्साहन गरेको छ । यो कार्यक्रम हाल नेपालका करिब ४३ जिल्लाहरूमा सञ्चालन भइरहेको छ । जसमध्ये नेपालको कोशी पहाडी क्षेत्रका चार जिल्लाहरू (धनकुटा, तेह्रथुम, भोजपुर र सङ्खुवासभा) मा पनि यो कार्यक्रम सञ्चालन भइरहेको छ । यी चार जिल्लाहरूमा सम्बन्धित जिल्ला वन कार्यालयहरू र गैरसरकारी क्षेत्रको तर्फबाट नेपाल ग्रामीण पुनर्निर्माण संस्था र फरेस्टएक्सन नेपालले केही स्थानीय सङ्घसंस्थाहरूसँगको साझेदारितामा यस कार्यक्रमको सञ्चालन गर्दै आएका छन् । त्यसैगरी मोरङमा जिल्ला वन कार्यालयद्वारा पनि दिगो वन व्यवस्थापनका कार्यहरू सञ्चालन भइरहेको छ ।

## २.२ कोशी पहाडी क्षेत्रको परिचय

यस लेखमा कोशी पहाडी जिल्लाहरू भन्नाले चार वटा जिल्लाहरू (धनकुटा, तेह्रथुम र भोजपुर तथा सङ्खुवासभा) छन् । कोशी पहाडी जिल्लाहरू नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा पर्दछन् । यो क्षेत्र प्राकृतिक स्रोतहरूको उपलब्धताको हिसाबले निकै सम्पन्न छ । यस क्षेत्रमा मकालु वरुण राष्ट्रिय निकुञ्जदेखि अरुण, तमोर तथा सप्तकोशी नदीहरू रहेका छन् । प्राकृतिक छटाहरूले भरिपूर्ण रहेको यस क्षेत्रको तराईमा मोरङ र सुनसरी जिल्लाहरू, पूर्वतिर ताप्लेजुङ र पाँचथर जिल्लाहरू, उत्तरतिर चीनको तिब्बत, तथा पश्चिमतिर खोटाङ तथा उदयपुर जिल्लाहरू रहेका छन् ।

कोशी पहाडी जिल्लाहरूले ६,५५,१८७ हेक्टर क्षेत्रफल ओगटेको छ । जसमध्ये वन क्षेत्र २,१९,४९२.०९ हेक्टरमा फैलिएको छ । जम्मा जनसङ्ख्या ६,०६,१९० (महिलाः ५३% र पुरुषः ४७% (जनगणना, २०६८) रहेको यी जिल्लाहरूमा मुख्य गरी राई, लिम्बू, तामाङ, गुरुङ भोटे जस्ता आदिवासी जनजातिहरू तथा क्षत्री, ब्राह्मणहरू तथा विश्वकर्मा, दमाई, सार्की दलित जस्ता सामाजिक रूपमा बहिष्करणमा पारिएका समुदायहरूको बसोबास रहेको छ । साथै केही क्षेत्रहरूमा मधेसी समुदायको पनि बसोबास रहेको

देखिन्छ । मानव विकास सूचकाङ्क अनुसार धनकुटा, तेह्रथुम, भोजपुर तथा सङ्खुवासभामा क्रमशः ०.५१७, ०.५२७, ०.४७९ र ०.४८८ रहेको छ ।

कोशी पहाडी जिल्लाहरूमा हालसम्म १,५१७ वटा सामुदायिक वन, २८५ वटा कबुलियती वनहरू गठन भई हस्तान्तरण भएका छन् । त्यसैगरी सात वटा धार्मिक वन र १०३ वटा निजी वन दर्ता भई सञ्चालनरत छन् । सामुदायिक वनले लगभग १,२०,२६० हेक्टर क्षेत्रफल ओगटेको छ । जसमा १,४७,८५६ घरधुरी उपभोक्ता आबद्ध भई ५,६३,६४१ जनसङ्ख्या लाभान्वित भइरहेका छन् । त्यसैगरी कबुलियती वनले १,०२९ हेक्टर क्षेत्रफल ओगटेको छ जहाँ २,६२६ घरधुरी आबद्ध भई १५,६१७ जनसङ्ख्या लाभान्वित भइरहेका छन् ।

कोशी पहाडी जिल्लाहरूमा उष्ण प्रदेशीय वनदेखि चिसो शितोष्ण वनसम्म पाइन्छ । यी जिल्लाहरूको तल्लो क्षेत्रमा साल, खयर, सिसौं, सिमल, अस्ना, कर्मा, सिरिस, बोट धँगेरो, सतिसाल, जामुन जस्ता प्रजातिहरू पाइन्छन् भने मध्य क्षेत्रमा खोटे सल्ला, चिलाउने, कटुस, उतिस, मुसुरे कटुस, पात्ले कटुस, चाँप, धसिङ्ग्रे आदि प्रजातिका रूख बिरुवाहरू पाइन्छन् । त्यसैगरी उच्च भागमा विभिन्न प्रजातिका गुराँस, खस्रु, लौठ सल्ला, ठिङ्ग्रे सल्ला तथा तालिसपत्र जस्ता प्रजातिका रूखहरू पाइन्छन् । त्यसैगरी खोटो, लोक्ता, अर्गेली, मजिठो, चिराइतो, रुद्राक्ष, रिट्ठा, अलैची, अम्रिसो, बेल, तेजपात, अमला, कुरिलो, नागबेली, अर्किड, ओखर, भ्याउ, वन लसुन आदि जस्ता गैह्रकाष्ठ वन पैदावर तथा जडिबुटीका प्रजातिहरू यस क्षेत्रमा पाइन्छन् । त्यसका साथै सङ्खुवासभा जिल्लाको उच्च भूभागमा यार्सागुम्बा पनि पाइन्छ । भोजपुर जिल्लाका सामुदायिक वनहरूले आर्थिक वर्ष २०७०/७१ सम्ममा लगभग ३,६९,४८१ केजी खोटो सङ्कलन गरी बिक्री भएको छ ।

## २.३ स्थानीय वन समूहहरूमा जीविकोपार्जन सुधार कार्यक्रम

गरिबी न्यूनीकरणमा वन क्षेत्रको योगदान बढाउनु अहिलेको आवश्यकता हो । यही उद्देश्य लिएर बहुसरोकारवाला वन कार्यक्रम कोशी पहाडी जिल्लाहरूमा सञ्चालन हुँदै आएको छ । उक्त उद्देश्य हासिल गर्नका लागि यस क्षेत्रमा विभिन्न प्रकारका क्रियाकलापहरू सञ्चालन हुँदै आएका छन् ।

### २.३.१ जीविकोपार्जन सुधार योजना

सबैभन्दा पहिले बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन भएका वन समूहहरूको विधान र कार्ययोजनामा उल्लेख भएको सम्पन्नता स्तरीकरणका आधारमा वन समूहमा आबद्ध लक्षित उपभोक्ता घरधुरीहरूको पहिचान तथा छनौट गर्ने काम भयो । छनौट गर्ने सिलसिलामा समुदायका महिला, दलित, गरिब तथा विपन्न उपभोक्ताहरूलाई प्राथमिकतामा राखियो । छनौट भएका लक्षित उपभोक्ताहरूको सामाजिक, आर्थिक, प्राकृतिक, भौतिक र मानवीय स्रोतहरूमा प्राप्त तथ्याङ्कहरूको विश्लेषणका आधारमा सम्बन्धित उपभोक्ता घरधुरीहरूको जीविकोपार्जनको वर्तमान अवस्था तथा सुधारका पक्षहरूका सम्बन्धमा सहभागितामूलक छलफल र अन्तर्क्रिया गरी उनीहरूको जीविकोपार्जन सुधारको योजना तयार गरियो । स्थानीय वन समूहमार्फत तयारी भएको जीविकोपार्जन सुधार योजना कार्यान्वयनको लागि सम्बन्धित वन समूहहरूले विभिन्न सरकारी तथा गैह्रसरकारी सङ्घ संस्थाहरूसँग समन्वय गरी कार्यान्वयन गर्ने प्रयास गर्दै आएका छन् । सोही अनुसार बहुसरोकारवाला वन कार्यक्रम, गाविस तथा वन समूहहरूको सहयोगमा उक्त योजनाको कार्यान्वयन हुँदै आएको छ ।

बहुसरोकारवाला वन कार्यक्रमको सहयोगमा स्थानीय वन समूहहरूमा छिटो प्रतिफल प्राप्त हुने आय आर्जनका विभिन्न क्रियाकलापहरू पनि सञ्चालन हुँदै आएका छन् । यस अन्तर्गत व्यवसायिक बाख्रापालन, भेडापालन, बङ्गुरपालन, तरकारी खेती, किराना पसल, जुत्ता व्यवसाय, आरन, च्याउ खेती, अदुवा खेती, बेसार खेती, गाईपालन, पाडापालन, सिलाई, माछापालन, साइकल मर्मत, फलफूल खेती तथा मोबाइल मर्मत जस्ता क्रियाकलापहरू रहेका छन् । जीविकोपार्जन सुधार योजना अनुसार छनौट भएका उपभोक्ताहरूलाई समूहले घुम्ती कोषको रूपमा रकम उपलब्ध गराउँदै

आएका छन् । समूहले घुम्ती कोषका रूपमा १ देखि ५ वर्षको लागि ५ देखि १२ प्रतिशत ब्याजदरमा उपलब्ध गराउँदै आएको पाइएको छ ।

बहुसरोकारवाला वन कार्यक्रम अर्न्तगत कोशी पहाडी चार जिल्लाका लगभग ३४५ सामुदायिक वन उपभोक्ता समूहका ३,९५९ गरिब तथा विपन्न घरधुरीहरूलाई विभिन्न प्रकारका आयआर्जनमा सुधार गर्ने क्रियाकलापहरूका लागि सहयोग गरिएको छ (RRN/FA 2015) । साथै जिल्ला वन कार्यालयहरूद्वारा सञ्चालित बहुसरोकारवाला वन कार्यक्रमबाट पनि लगभग २,५०० विपन्न घरधुरीहरूले आयआर्जनको अवसर पाएका छन् ।

**तालिका १: जीविकोपार्जन सुधार योजनाबाट लाभान्वित घरधुरी तथा जनसङ्ख्याको विवरण**

| जिल्ला | लाभान्वित घरधुरी | लाभान्वित व्यक्तिहरू | | | |
|---|---|---|---|---|---|
| | | जनजाति | दलित | अन्य | जम्मा |
| धनकुटा | ७४ | ७८९ | १२८ | १४५ | १०६२ |
| तेह्रथुम | २५ | ३९३ | १०५ | २६१ | ७५९ |
| भोजपुर | ९८ | ७६१ | १४९ | २२० | ११३० |
| सङ्खुवासभा | १४५ | ६२३ | १४७ | २३८ | १००८ |
| **कूल** | ३४२ | २५६६ | ५२९ | ८६४ | ३९५९ |

स्रोतः RRN/FA 2015/2016

**उदाहरण १: तेह्रथुम जिल्लाको वसन्तपुर स्थित चैते सामुदायिक वनका उपभोक्ताहरूको सफल कथा:** तेह्रथुम जिल्लाको वसन्तपुरमा रहेको चैते सामुदायिक वन उपभोक्ता समूहले बहुसरोकारवाला वन कार्यक्रमको सहजीकरणमा जीविकोपार्जन सुधार योजना तयार गरी सम्पन्नता स्तरीकरण अनुसार पहिचान भएका ‘‘घ’’ तथा ‘‘ग’’ वर्गका उपभोक्ताहरूको लागि व्यवसायिक केराउ तथा बन्दाकोपी खेतीको लागि सहयोग गरेको छ । यसबाट २३ जना महिलाहरूले केराउ खेती र १० जना महिलाहरूले बन्दाकोपी खेती गरेका छन् । उक्त व्यवसायबाट उनीहरूले प्रति व्यक्ति वार्षिक रू. ५०,००० भन्दा बढी आम्दानी गरेका छन् । लाभान्वित महिलाहरूमध्ये चन्द्रकला बस्नेत खुशीका साथ भन्छिन् ।

> *‘‘मैले केराउ खेतीबाट प्राप्त रू. १ लाख ४ हजार आम्दानीबाट १ तोला सुन खरिद गरें । साथै, बिक्री पश्चात बाँकी रहेको केराउको बोटको घाँस खुवाउन थालेदेखि गाईको दूधबाट पनि आम्दानी बढेको छ । पौष्टिक दानाले गर्दा पहिले दैनिक पाँच लिटर दूध दिने गाईबाट आठ लिटर सम्म दूध प्राप्त गरिरहेकी छु ।’’*

### २.३.२ सामुदायिक वनको खाली, अनुत्पादक तथा क्षयीकरण भएको जग्गा विनियोजन कार्यक्रम

बहुसरोकारवाला वन कार्यक्रम लागू भएका स्थानीय वन समूहहरूको स्वीकृत विधान कार्ययोजना अनुसार सम्बन्धित वन क्षेत्रहरूमा रहेका खाली, अनुत्पादक तथा क्षयीकरण भएका वन क्षेत्र व्यवस्थापन गरी गरिब उपभोक्ताहरूको आयआर्जनमा सुधार ल्याउने काममा पनि सहयोग हुँदै आएको छ । यसका लागि वन समूहका लक्षित उपभोक्ताहरू पहिचान गरी उनीहरूलाई सामुदायिक वनको जग्गा उपलब्ध गराइन्छ । उक्त जग्गामा उनीहरूले आयआर्जनका विभिन्न क्रियाकलापहरू जस्तै घाँस रोपण, अम्लिसो रोपण, बाँस निँगालो रोपण, फलफूलको विरुवा रोपण गर्दै आएका छन् । बहुसरोकारवाला वन कार्यक्रम अर्न्तगत कोशी पहाडी जिल्लाका सामुदायिक तथा कबुलियती वनको लगभग १०० हेक्टर वन क्षेत्र लगभग ५०० गरिब घरधुरीहरूलाई उपलब्ध गरी आयआर्जनका क्रियाकलापहरू सञ्चालन गर्न लगाइएको छ । यस क्रियाकलापबाट समुदायका गरिब तथा विपन्न घरधुरीहरूका लागि प्रत्यक्ष आयआर्जन

गर्ने अवसर सिर्जना हुन थालेको छ । साथै वन संरक्षण र व्यवस्थापनप्रतिको चासोमा पनि वृद्धि भएको देखिन्छ । सञ्चालन गरिने गतिविधिहरू नितान्त रूपमा वन व्यवस्थापनसँग सम्बन्धित हुने भएकोले वनको हैसियत सुधारमा गर्ने काममा पनि टेवा पुग्न थालेको छ ।

**उदाहरण २: तेह्रथुम जिल्लाको वसन्तपुर स्थित चैते सामुदायिक वनका उपभोक्ताहरूको सफल कथा:** तेह्रथुम जिल्ला, बसन्तपुर गाविसमा अवस्थित चैते सामुदायिक वन उपभोक्ता समूहले बहुसरोकारवाला वन कार्यक्रमको सहयोगमा कूल १२ लक्षित घरधुरीलाई छनौट गरी सावको लगभग दुई हेक्टर क्षेत्रफल आय आर्जन गर्ने कामका लागि प्रदान गरेको छ। वन समूहले उपभोक्ताहरूसँग १० वर्षका लागि सम्झौता गरी उक्त जग्गा उपलब्ध गराएको छ। उक्त वन क्षेत्रमा छनौट भएका घरधुरीहरूले अर्गेली र लोक्ता रोपण खेती गरेका छन् । लोक्ता र अर्गेली बिक्री सुरु भए पश्चात उपभोक्ताहरूले कूल आम्दानीको १०% रकम समूहलाई बुझाउनु पर्ने प्रावधान रहेको छ। साथै, उक्त क्षेत्रमा उपलब्ध घाँस प्रयोग गर्दै विद्यमान बोट विरुवाको संरक्षण तथा संवर्धनको जिम्मेवारी पनि विपन्न समूहलाई सुम्पिएको छ। समूहले उपलब्ध गराएको क्षेत्रबाट घाँस सङ्कलन गर्न थालेकोले भविष्यमा व्यवसायिक पशुपालन गर्ने योजना रहेको समूहका एक सदस्य बताउँछन् । साथै, हाल रोपण गरिएका अर्गेली र लोक्ता तीन वर्षपछि बिक्री गर्ने अवस्थामा पुग्ने र यसबाट उक्त समूहले वर्षेनी लगभग रू. ५०,००० आम्दानी प्राप्त गर्ने योजना रहेको छ ।

## २.३.३ घुम्तीकोषको दिगोपनाका लागि समपूरक कोष

कोशी पहाडी जिल्लामा रहेका वन समूहका उपभोक्ताहरूका लागि वनको काठ, दाउरा, घाँस, सोत्तर जस्ता दैनिक आवश्यक्ता परिपूर्ति गर्ने स्रोतहरूले मात्रै उनीहरूको जीविकोपार्जनका आवश्यकताहरू परिपूर्ति हुन सक्दैनन् । यसकारण उनीहरूले मौसमी फलफूल तथा तरकारी खेतीहरू पनि गर्दै आएका छन् । यसका लागि वन समूहहरूले जीविकोपार्जन सुधारमा टेवा पु¥याउने उद्देश्यले घुम्तीकोषको परिचालन गर्दै आएका छन् । उक्त कोषलाई थप प्रभावकारी बनाउनका लागि बहुसरोकारवाला वन कार्यक्रमबाट पनि समपूरक कोष प्रदान गरिएको छ । उक्त सहयोगले वन समूहहरूको कोषको रकम वृद्धि गर्न मद्दत पुऱ्याएको छ। साथै, यसले घुम्तीकोषको दिगो तथा प्रभावकारी परिचालनमा समेत योगदान पुऱ्याएको महसुस गरिएको छ ।

## २.३.४ वन उद्यममार्फत रोजगारीको सिर्जना

बहुसरोकारवाला वन कार्यक्रमले वन स्रोतमा आधारित उद्यमको विकास तथा प्रवर्धन गर्ने कामलाई एक प्राथमिक विषय बनाउँदै आएको छ। यसका लागि पहिलेदेखि सञ्चालन भइरहेका तथा सम्भावना भएको वन उद्यमहरूको मूल्य शृङ्खला अध्ययन गरी छनौट भएका उद्यमहरूमा उद्यमशीलताको ज्ञान, प्राविधिक सीप प्रदान गर्ने, नयाँ उद्यम स्थापनाको लागि सहयोग गर्ने, बजारसँगको समन्वयको लागि आवश्यक सहजीकरण गर्ने जस्ता क्रियाकलापहरूमा सहयोग गर्दै आएको छ। लोक्ता तथा अर्गेलीबाट कागज बनाउने उद्यम, फर्निचर उद्यम, समिल उद्योग, सिस्नुको पाउडर बनाउने उद्यम, सिन्के धुप उद्यम, बेल जुस उद्यम तथा मेल चुक उत्पादन उद्यमहरू सहयोग गरिएका प्रमुख उद्यमहरू हुन् । कोशी पहाडी चार जिल्लाहरूमा सहयोग गरिएका उद्यमहरूले (नयाँ तथा पुराना दुबै) लगभग ८३४ जनालाई रोजगारीको सिर्जना गरेको छ। यसले कोशी पहाडी जिल्लामा अतिरिक्त रोजगारीको सिर्जना गरेको छ ।

**तालिका २: वन उद्यमहरूमा सिर्जना भएको रोजगारीको अवस्था**

| जिल्ला | पुरुष | महिला | दलित | जनजाति | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| धनकुटा | ४७ | ३१ | १४ | २६ | ७ | ७८ |
| तेह्रथुम | १८७ | ६४ | १४ | १८४ | ५३ | २५१ |
| भोजपुर | ४६ | ४१ | ११ | ५१ | ४ | ८७ |
| सङ्खुवासभा | ३१८ | १०० | २२ | २८० | १०७ | ४१८ |
| **जम्मा** | **५९८** | **२३६** | **६१** | **५४१** | **१७१** | **८३४** |

स्रोतः RRN/FA 2015/2016

## ३. छलफल तथा निष्कर्ष

नेपालमा भइरहेको सामाजिक र आर्थिक रूपान्तरणको प्रभाव वन क्षेत्रमा पनि महसुस गर्न सकिन्छ। उदाहरणका रूपमा रोजगारी तथा अन्य सामाजिक तथा भौतिक सुविधाहरूका लागि भइरहेको आन्तरिक तथा बाह्य बसाइँसराइँको क्रमले समग्र अर्थतन्त्रमा नै प्रभाव पारिरहेको छ। वन क्षेत्रको संरक्षण र व्यवस्थापनमा पनि यसका नकारात्मक असरहरू देखा परिरहेका छन्। स्थानीय वनमा रहेको वनपैदावर हरूको उचित प्रयोगद्वारा जीविकोपार्जन सुधारका प्रचुर सम्भावनाहरू भएतापनि आवश्यक ज्ञान, सीप र क्षमताको अभावका कारण सम्भावित उपलब्धिहरू हाँसिल हुन सकेका छैनन्।

हरियो वन नेपालको धन भन्ने नारा रहेको वन हाल आएर सामुदायिक वन उपभोक्ता समूहका गरिब उपभोक्ताहरूको दैनिक जीविकोपार्जनको आधारमा मात्रै सीमित हुन पुगेको छ। सामुदायिक वनबाट दैनिक उपभोग्य वस्तुहरूको परिपूर्ति गर्नुको साथै त्यसको बिक्री वितरण तथा साना तथा मझौला वनमा आधारित उद्यम सञ्चालनमार्फत गरिबहरूको जीविकोपार्जन सुधारमा वनले महत्त्वपुर्ण भूमिका निर्वाह गरेको भए पनि यो पर्याप्त छैन। यद्यपि, स्थानीय वन समूहहरूको आन्तरिक स्रोत तथा बाह्य सहयोगहरूका माध्यमबाट वन समूहका उपभोक्ताहरूले आयआर्जनका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्न सफल भइरहेको देखिन्छ। जस्तै बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत कोशी पहाडी जिल्लाका स्थानीय वन समूहका गरिब तथा विपन्न घरधुरीहरूले जीविकोपार्जन सुधारको लागि सहयोग पाएका छन्। वन उद्यमहरूमा प्रदान गरिएका सहयोगहरूले लगभग ८३४ अतिरिक्त रोजगारीको सिर्जना भएको छ।

### ३.१ बहुसरोकारवाला वन कार्यक्रमको उपलब्धि

कोशी पहाडी जिल्लाहरूमा सञ्चालित बहुसरोकारवाला वन कार्यक्रमबाट निम्न प्रकारका उपलब्धिहरू भएको देखिन्छ।

- कोशी पहाडी क्षेत्रमा पहिलेदेखि सञ्चालित वन उद्यमहरूको स्तरोन्नति तथा थुप्रै नयाँ उद्यमहरूको स्थापनाका माध्यमबाट स्थानीय रोजगारीको वृद्धि भएको देखिन्छ। यसका साथै वनमा आधारित उद्यम स्थापना तथा सञ्चालनमा निजी क्षेत्रको चासो तथा संलग्नतामा वृद्धि भएको छ।
- जीविकोपार्जन सुधारका लागि सहयोग कार्यक्रमबाट स्थानीय वन समूहहरूका करिब ७,००० गरिब तथा जलवायु परिवर्तनको जोखिममा परेका समुदायहरूले आयआर्जन वृद्धि गर्नका लागि सहयोग पाएका छन्। यसैका कारण उनीहरूमा वन क्षेत्रको संरक्षण, व्यवस्थापन तथा सदुपयोगमा गरिब तथा पछाडि पारिएका यक्तिहरूको चासोमा समेत वृद्धि भएको छ। वन समूहहरूले समुदायका गरिब तथा पछाडि पारिएका व्यक्तिहरूको जीविकोपार्जन सुधारको लागि योजना तयार गरी यसको कार्यान्वयनका लागि विभिन्न सङ्घ संस्थाहरूसँग समन्वय गर्न थालेको देखिन्छ। साथै समूहको आम्दानीको ३५%

रकम गरिब, महिला, दलितहरूको आयआर्जन सुधारको लागि खर्च गर्नुपर्ने नीतिको कार्यान्वयन हुन थालेको छ ।

- स्थानीय वन समूहहरूले स्वमूल्याङ्कन, अनुशिक्षण, तालिम, छलफलहरूका माध्यमबाट निर्णय गर्ने प्रक्रियाहरूमा महिला, दलित, जनजाति तथा गरिबहरूको सहभागितामा वृद्धि गर्न सफल भएका छन् । स्थानीय वन समूहहरूमा सुशासन सुधार तथा संस्थागत विकासका लागि योजना बनाई क्रियाकलापहरू सञ्चालन हुन थालेको छ ।
- बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन भए पश्चात गाविस तथा स्थानीय वन समूहहरूमा विभिन्न सरोकारवालाहरूको चासो तथा सहभागितामा वृद्धि भएको देखिन्छ । सबै क्षेत्रको सहभागिताका लागि कृषि वन वातावरण समिति गठन गरी कृषि, वन तथा वातावरणका विषयहरूमा छलफल तथा योजना बन्न थालेको देखिन्छ । त्यसैगरी स्थानीय वन समूहहरूको योजना निर्माण गर्ने तथा कार्यान्वयन गर्ने सिलसिलामा पनि सबै सरोकारवालाहरूको सहभागिता हुन थालेको छ ।

## ३.२ कार्यक्रम कार्यान्वयनका चुनौतीहरू

बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन गर्दा धेरै प्रकारका चुनौतीहरू देखिएका छन् । केही प्रमुख चुनौतीहरू निम्न प्रकार छन् ।

क) कोशी पहाडी जिल्लाका वन क्षेत्रबाट वर्षेनी करोडौं मूल्यका काष्ठ तथा गैरकाष्ठ वन पैदावरहरूको निकासी भइरहेको पाइन्छ । यसबाट स्थानीय वन समूहमा आबद्ध उपभोक्ताहरू पनि लाभान्वित भएका छन् । यी क्रियाकलापहरूमा स्थानीय उपभोक्ताहरू सक्रिय नै देखिन्छन् । तर यी क्रियाकलापहरूबाट भएको आर्थिक, सामाजिक, भौतिक र मानवीय विकासमा भएको योगदान वा हिस्सा भने निकै कम रहेको देखिन्छ । वन समूह र ती समूहहरूमा आबद्ध उपभोक्ताहरूलाई उत्पादनशील वन व्यवस्थापनतर्फ कसरी आकर्षित गर्न सकिन्छ भन्ने कुरा मुख्य चुनौतीको रूपमा रहेको छ ।

ख) समूहमा आबद्ध विपन्न, महिला, दलित र गरिब वर्गका उपभोक्ताहरूको प्रतिनिधित्वमा वर्तमानमा केही सुधार भएको छ । सहभागिता र समावेशिताको सुनिश्चितता भए तापनि, समूहको निर्णय प्रक्रियामा उनीहरूको आवाज, आवश्यकता र प्राथमिकताहरू ओझेलमा परेका प्रशस्त उदाहरणहरू पाइन्छन् । फलस्वरूप, वन स्रोतको पहुँच र लाभको न्यायोचित बाँडफाँडबाट यी वर्गका उपभोक्ताहरू बञ्चित भई उनीहरूमा वन व्यवस्थापनप्रति नै नकारात्मक धारणाको विकास हुने सम्भावना प्रवल देखिन्छ । त्यसैले, वन समूहहरूको सुशासन सुधार गर्ने काम निकै चुनौतीपूर्ण देखिन्छ ।

ग) स्थानीय वन समूहहरूमा घुम्तीकोषको सञ्चालन गर्ने कामका लागि आवश्यक नीति नियमको अभाव रहेको देखिन्छ । उक्त कुरा स्थानीय वन समूहहरूका लागि चुनौतीकै रूपमा रहेको छ ।

घ) वन व्यवस्थापनका कामहरूमा वन समूहका उपभोक्ताहरूको सामुदायिक सहभागिता घट्दो क्रममा रहेको छ । तर समूहको नेतृत्वदायी भूमिकाका पदाधिकारीहरू फेरबदलको क्रमचाहिँ बढिरहेको छ । यही सन्दर्भमा, समूहको पद हस्तान्तरण प्रक्रियामा भूमिका तथा जिम्मेवारीको हस्तान्तरण समयमै हुन सकेको देखिँदैन । यो विषय स्थानीय वन समूहहरूको सञ्चालनका लागि महत्त्वपूर्ण चुनौतीको रूपमा लिन सकिन्छ ।

ङ) वन समूहहरूका लक्षित उपभोक्ताहरूको जीवनस्तर सुधारसम्बन्धी क्रियाकलापहरू सञ्चालन भएका वन समूहहरूमा अनुगमनको निमित्त छुट्टै समिति गठन गरिने प्रावधान रहेको छ । अनुगमन गर्ने अभ्यासको सुरुआत भए तापनि यसको निरन्तरता तथा अनुगमनका सिकाइहरूको कार्यान्वयन गर्ने काम अर्को महत्त्वपूर्ण चुनौतीको रूपमा रहेको छ ।

## ३.३ कार्यक्रम कार्यान्वयनका सिकाइहरू

बहुसरोकारवाला वन कार्यक्रम सञ्चालनबाट थुप्रै प्रकारका सिकाइहरू भएका छन् । केही प्रमुख सिकाइहरू निम्नप्रकार छन् ।

क) यस कार्यक्रमका लक्षित उपभोक्ताहरूले जीविकोपार्जन सुधार योजना अनुसारका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने हुनाले जीविकोपार्जन सुधारका लागि उनीहरूको व्यक्तिगत स्रोतहरूको सही विश्लेषण अत्यन्त आवश्यक हुन्छ । यसबाहेक, जीविकोपार्जन सुधारका लागि विभिन्न प्रकारका स्रोतहरूमा आधारित छुट्टाछुट्टै योजनाहरू तयार गर्नु उपयोगी हुन्छ । यसको निमित्त स्रोतहरूको विश्लेषण मात्र नभई योजना कार्यान्वयनबाट प्राप्त हुने आशातीत नतिजाहरूको पनि तय गर्न सकिएमा कार्यान्वयनको अनुगमनमा मद्दत पुग्दछ ।

ख) जीविकोपार्जन सुधार योजना बाहेकका बहुसरोकारवाला वन कार्यक्रमद्वारा लक्षित उपभोक्ताहरूको जीविकोपार्जन सुधारका लागि सहयोग प्रदान गरिन्छ । तर यो भन्दा पहिले उनीहरूको जीवनस्तरमा योजना अनुसारका क्रियाकलापहरू सञ्चालन गरिसकेपछि प्राप्त हुने नतिजाहरूको अनुमानित लेखाजोखा गर्न सकिएमा योजना अनुसारका क्रियाकलापहरूको कार्यान्वयन र अनुगमन प्रभावकारी हुन्छ । साथै, यसबाट सम्बन्धित स्थानीय वन समूहको क्षमता अभिवृद्धि गर्ने काममा पनि टेवा पुग्नेछ ।

ग) कोशी पहाडी क्षेत्रका वन समूहहरूले पनि सामुदायिक वन मार्गदर्शन, २०६५ लाई कार्यान्वयनमा ल्याउन थालेका छन् । समूहमा आबद्ध अति गरिब तथा विपन्न वर्गहरूको जीवनस्तर उकास्ने कार्यमा टेवा पुऱ्याउनका लागि घुम्ती कोषको व्यवस्था तथा यसको परिचालन गर्ने प्रचलन बढिरहेको छ। यसबाट लक्षित वर्गका उपभोक्ताहरू लाभान्वित भएका छन् । वन समूहको समावेशी निर्णयद्वारा घुम्तीकोषको विशिष्ट उद्देश्य, प्रावधानहरू तथा अपेक्षित उपलब्धिहरू तय गरी सोही अनुसार परिचालन गर्न सकेको खण्डमा यसको प्रभावकारिता वृद्धि हुनेछ ।

घ) बहुसरोकारवाला वन कार्यक्रमले स्थानीय वन समूहका उपभोक्ताहरूको जीविकोपार्जन सुधारका गतिविधिहरू सञ्चालन गर्ने कामका लागि आवश्यक सहजीकरण गर्न सहयोग गरिरहेको छ। यसबाहेक, वन व्यवस्थापनसँग सम्बन्धित अन्य स्थानीय निकायहरू, साझेदार सङ्घसंस्थाहरू तथा निजी क्षेत्रसँगको सम्बन्ध विस्तारमा पनि निरन्तर सहजीकरण आवश्यक देखिन्छ। यसबाट उनीहरूको क्षमता अभिवृद्धि भई समूहको संस्थागत सुधार, उपभोक्ताहरूको जीवनस्तरमा सुधार तथा वनको अवस्थामा सुधार गर्न सक्ने प्रवल सम्भावना रहेको छ ।

ङ) जीविकोपार्जन सुधारका लागि क्रियाकलापहरू सञ्चालन गर्दा सम्बन्धित घरधुरीको जीविकोपार्जनसँग सम्बन्धित सबै प्रकारका सम्पत्तिहरूलाई एकीकृत रूपमा समेट्न सकिएमा मात्रै यो कार्यक्रम प्रभावकारी हुन सक्दछ ।

## सन्दर्भ सामग्रीहरू

**RRN/FA.** 2015/2016. Progress Reports Submitted to Multistakehodler Forestry Program (MSFP). Service Support Unit (SSU). Kathmandu. Submited by Rurul Reconstruction Nepal (RRN) and ForestAction Nepal (FA).

**नेपाल सरकार**। २०११। राष्ट्रिय जीवनयापन सर्भे। नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, काठमाडौं ।

**नेपाल सरकार**। २०६५। वन विकास मार्गदर्शन। २०६५। नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालय, काठमाडौं ।

**नेपाल सरकार**। २०७१। वन विभाग वार्षिक प्रतिवेदन। नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालय, काठमाडौं ।